# 多言語情報コーナー　　　　　　　　（令和７年　７月号）

## (१) फोहोर वर्गीकरण गर्न सिकाउने एप (3R) अब इंटर्नेटमा प्रयोग गर्नसकिने भएको बारे जानकारी !

फोहोर वर्गीकरण गर्न सिकाउने एप (**3R**), फोहोर छुट्याउने र फाल्ने तरिका सजिलै खोज्न, र फोहोर सङ्कलन दिनहरूको बारेमा पनि अग्रिम रूपमा सूचित गरिदिने विशेषताहरु भएको मोबाइल एप हो।

जापानी भाषाको अतिरिक्त, अंग्रेजी, सरलीकृत चिनियाँ, भियतनामी, स्पेनिश र नेपाली भाषामा पनि उपलब्ध भएकोले अवश्यपनि प्रयोग गर्नुहोला।

साथै, यहि जून महिनाको २ तारीख देखि, फोहोर वर्गीकरण गर्न सिकाउने एप **(3R)** अब इन्टरनेटमा पनि प्रयोग गर्नसकिने भएकोछ।

“फोहोर र श्रोत (पुन: प्रयोग गर्न मिल्ने फोहोर) संकलन क्यालेंडर”, “फोहोर र श्रोत छुट्याउने र फाल्ने तरिका”, “फोहोर र श्रोत वर्गीकरण गर्न सिकाउने द्रुत सन्दर्भ (छिटो तरिकाले सिकाउने तालिका)”, “शियाकुस्योबाट जारी घोषणाहरु” आदि प्राप्त गर्नसकिने उपयोगी सुविधा भएकोले, अवश्यपनि, सदुपयोग गर्नुहोला।

यस बाहेक, फोहोर छुट्याउने तरिका/फाल्ने तरिकाको बारेमा जानकारीहरु, तोचिगी शियाकुस्यो र तोचिगी-शि कोकुसाई कोउर्युउ क्योउकाई (तोचिगी सिटी इन्टरनेशनल एसोसिएसन) को वेबसाइटमा अंग्रेजी, सरलीकृत चिनियाँ, भियतनामी, स्पेनिश, नेपाली र अन्य भाषाहरूमा सार्वजनिक गरिएकोछ।

वेबसाइटहरूमा फोहोर छुट्याउने र फाल्ने तरिका, फोहोर सङ्कलन दिन क्यालेन्डर, फोहोर वर्गीकरण गर्न सिकाउने एप **(3R)** मा जानकारीहरु हेर्न सकिने हुनाले, अवश्यपनि हेर्नुहोला।

## (२) सन् २०२६ सालको नर्सरी स्कूलहरूमा भर्ना हुनको लागि संस्थाहरुको भ्रमण बारे जानकारी !

सन् २०२६ सालमा, नर्सरी स्कूलहरू, मान्यता प्राप्त बाल विद्यालय र साना बालविकास संस्थामा भर्ना हुनु चाहने व्यक्तिहरूका लागि प्रत्येक संस्थामा भ्रमण कार्यक्रम आयोजना गरिनेछ। कृपया यो अवसरमा सहभागी हुनुहोस्।

यद्यपि, भर्नाको लागि आवेदन सेप्टेम्बर महिना पछि गर्ने योजनामा छ। थप विवरणहरूका लागि, नगरपालिकाको वेबसाइटमा र भ्रमणको समयमा जानकारी उपलब्ध हुनेछ।

सरकारी "कुरानोमाची", "ओ-चुका", "हाकोनोमोरी", "ओहिरा निशि", "ओहिरा मिनामी दाई-इचि ", "फुजिओका हर्टल्यान्ड", "चुगा योचुबा", "इवाफुने" प्रत्येक नर्सरी स्कूलहरूमा, जुलाई २३ गते बुधबार, अपराह्न १:३० बजे चेक-इनको साथमा भ्रमण कार्यक्रम हुनेछ।

निजी नर्सरी स्कूलहरू, मान्यता प्राप्त बाल विद्यालय र साना बालविकास संस्थाहरूमा, प्रत्येक संस्थाको  भ्रमणको मिति फरक-फरक छ, त्यसैले तोचिगी शियाकुस्योको वेबसाइटमा जाँच गर्नुहोस्।

भ्रमण कार्यक्रममा सहभागी हुँदा, कृपया (घर भित्र लगाईने) उपयुक्त चप्पल र लेख्नका लागि सामग्रीहरु साथमा ल्याउनुहोस्।

### (३) आपतकालीन अवस्थामा प्राथमिकता दिएर खोलिने आश्रय स्थल

आपतकालीन अवस्थामा चाँडै आश्रय स्थल खोल्न सक्ने गरी, तोचिगी शहरका २३ स्थानहरूलाई "प्राथमिकता दिएर खोलिने आश्रय स्थल"को रूपमा तयारी गरिएको छ।

ति मध्ये, ओहिरा सामुदायिक केन्द्रमा, व्यायामशाला प्रयोग गर्न कठिनाइ भएको कारण, यस वर्षको अप्रिलदेखि ओहिरा जुनियर हाई स्कूलमा परिवर्तन गरिएकोछ।

"प्राथमिकता दिएर खोलिने आश्रय स्थल" खोलिएको खण्डमा, तोचिगी शहरमा रहेका मोबाइल फोनमा स्वचालित रूपमा आपतकालीन सूचना मेल, तोचिगी शहरको वेबसाइट आदि मार्फत जानकारी उपलब्ध हुनेछ।

प्राथमिकता दिएर खोलिने आश्रय स्थललाई समेटेर, शहरले आश्रय स्थलको रूपमा तोकेको संस्थाहरूमा [किंक्युउ हिनान् बास्यो] अथवा "आपतकालीन निकास स्थल" र [हिनान्स्यो] अथवा "आश्रय स्थल" समावेश छन्। के तपाईंलाई [हिनान् बास्यो] अथवा "निकास  स्थल" र [हिनान्स्यो] अथवा "आश्रय स्थल"को बीचको भिन्नता थाहा छ?

[हिनान् बास्यो] अथवा "निकास स्थल" भनेको, खतरा नजिक आइपरेको अवस्थामा, अस्थायी रूपमा भाग्ने स्थान हो। र [हिनान्स्यो] अथवा "आश्रय स्थल" भनेको, आपतकालीन अवस्था शान्त भएपछि, घर भत्किएर, उक्त घरमा बस्न नसकिने भएमा, निश्चित समयसम्म बस्नको लागि स्थान हो।

[हिनान् बास्यो] अथवा "निकास स्थल"को समानार्थकको रूपमा "आश्रय स्थल" वा "भाग्ने स्थल" भनिन्छ, त्यसैले केही व्यक्तिहरू यसमा भ्रमित हुन सक्छन्। [हिनान् बास्यो] अथवा "निकास स्थल" र [हिनान्स्यो] अथवा "आश्रय स्थल"को अर्थको भिन्नता राम्रोसँग बुझिराखौं।

जब खतरा नजिक आउँछ, जीवन जोगाउनको लागि [किंक्युउ हिनान्] अथवा "आपतकालीन निकासी"को लागि आश्रय स्थलमा भाग्दा, अनिवार्य रूपमा, आफ्नो लागि खाना र पेय पदार्थ लिएर जानु पर्ने प्रथा हो।

अबदेखि ठूलो वर्षा र आँधीको मौसम आउँदैछ। साथै, कहिले ठूलो भूकम्प आउन सक्छ भन्ने थाहा छैन। आपतकालीन अवस्थामा समस्यामा नपर्नको लागि, नियमित रूपमा हिनान् बास्यो "निकास स्थल" कहाँ छ भनेर चेक गरिराखौं।

## (४) 『अलिकति चिसो ठाउँ』 को जानकारी!

तोचिगी शहरले गर्मीको कारणले हुने स्वास्थ्य समस्या (हीट-स्ट्रोक)बाट जोगिनका लागि सजिलै शीतल हुन सक्ने सुविधा (स्थान) "अलिकति चिसो ठाउँ"भनेर तोकेको छ।

साथै, सरकारले खतरनाक गर्मीको पूर्वानुमान गरेमा "हीट-स्ट्रोक विशेष चेतावनी सूचनाहरू" जारी गर्दा, शहरले तोकेको "कूलिङ शेल्टर"मा पनिआश्रय लिन सकिन्छ।

तोकेको स्थानहरू शहरभरिमा १२८ स्थानहरु छन्। उदाहरणका लागि, सार्वजनिक स्थानको रूपमा तोचिगी शियाकुस्योको मुख्य भवन, ओहिरा, फुजिओका, चुगा, निशिकाता, इवाफुनेका प्रत्येक सोउगोउ शिस्यो, पुस्तकालय, र प्रत्येक क्षेत्रका स्वास्थ्य र कल्याण केन्द्रहरू समावेश छन्। निजी स्थानहरुमा, इओन, तोरीसेन, योकुबेनीमारु, वेल्सिया, फ्यामिलीमार्ट, र हुलाकघर आदि हुन्।

उपयोग गर्न सकिने स्थानहरूको सूची तोचिगी शहरको वेबसाइटमा र पर्चामा हेर्नुहोस्। पर्चाहरु शियाकुस्यो, प्रत्येक क्षेत्रको सोउगोउ शिस्यो र सामुदायिक केन्द्रमा उपलब्ध छन्। यो अवधि १० अक्टोबर २२ सम्म हो।

तोकेको स्थानका नियमहरू पालन गर्दै, "अलिकति चिसोको ठाउँ" लाई राम्रोसँग प्रयोग गरेर गर्मीको हीट-स्ट्रोक जस्ता समस्याको रोकथाम गरौं।